**देहायका प्रस्तावमा देहायमा लेखिए वमोजिम गर्ने :**

**१.** प्रदेश नं. ७, प्रदेश सरकार मन्त्रिपरिषद्को समिति गठन गर्ने विषयको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १/१-२०७४।११।१६ को प्रस्तावमा लेखिए वमोजिम गर्ने ।

**२.** प्रदेश नं. ७, प्रदेश सरकार, मन्त्रिपरिषद् सदस्यको आचारसंहिता, २०७४ स्वीकृत गर्ने विषयको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १/२-२०७४।११।१६ को प्रस्तावमा परिमार्जन सहित स्वीकृत गरियो ।

**३.** माननीय मुख्यमन्त्रीज्यू बाट प्रस्तुत देहायको विषयमा देहाय अनुरुप गर्ने:

१. प्रदेश नम्वर ७ प्रदेश सरकार (कार्यविभिजन) नियमावली, २०७४ मा व्यवस्था भए अनुरुप हरेक मन्त्रालयले संवद्ध विषयहरुको कार्यसूची र प्राथमिकता निर्धारण गरी अन्तरनिकाय समन्वयको आधारमा नीति तर्जुमा, कानूनको मस्यौदा तयार गरी अग्रिम कारवाही वढाउने ।
त्यसैगरी- प्रदेश नम्वर ७ को प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७४ को व्यवस्था अनुरुप आ-आफ्नो मन्त्रालयका कामकारवाही परिणाममुखी तुल्याउन सम्वन्धित विषयगत मन्त्रालयका माननीय मन्त्री स्वयं क्रियाशील भई नेतृत्वदायी भूमिकाको निर्वाह गर्ने ।
भएगरेका काम कारवाहीको प्रगतिबारे मन्त्रिपरिषद्को आगामी वैठकमा समेत समीक्षा गर्दैजाने ।

२. प्रदेश नं. ७ को कार्यालय, मन्त्रालय र सचिवालयकालागि कार्यालय भवन तथा आवस भवन छनौट गरी मर्मत संभार गर्न-गराउन, र
ति निकायका पदाधिकारीकालागि सवारी साधनको व्यवस्थापन गर्न गराउन :
प्रमुख सचिवको संयोजकत्वमा रहेको व्यवस्थापन समितिबाट भैरहेको कामलाई अझै प्रभावकारी तुल्याउन,
माननीय भौतिक पूर्वाधार विकास मन्त्रीवाट आवश्यक समन्वय, रेखदेख, अनुगमन गरी गराई भौतिक पूर्वाधार (कार्यालय भवन, आवास भवन, सवारी साधन ई.) व्यवस्थित तुल्याउने ।

३. प्रदेश नं. ७ का कार्यालय, मन्त्रालय र सचिवालयकालागि नेपाल सरकारवाट स्वीकृत अन्तरिम दरवन्दी अनुरुप कुल स्वीकृत दरवन्दी,
सामान्य प्रशासन मन्त्रालय, म.ले.नि.का, कानून मन्त्रालय समेतबाट खटाईएका र खटाउन बाँकी कर्मचारीहरुको दर्जागत संख्या तथा खटिई हाजिर भएका कर्मचारीहरुको अवस्था बुझि निर्धारित कर्मचारी कार्यस्थलमा पुग्ने सुनिश्चितताकालागि नेपाल सरकार सवद्ध विषयगत मन्त्रालय वा निकाय संग समेत समन्वय गर्ने र उपलब्ध कर्मचारीहरुको क्षमता विकास एवं प्रोत्साहनको उपयुक्त कार्यक्रम सञ्चालन गर्ने गराउने कार्यको नेतृत्वदायी भूमिका माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीले गर्ने ।

४. प्रदेश नं ७ को राजधानी रहेको कैलाली स्थित धनगढी लगायत ९(नौ) वटै जिल्लामा "फोहरमुक्त स्वच्छता कायम राख्न" माननीय सामाजिक विकास मन्त्रीले समन्वयात्मक रुपमा कार्ययोजना वनाई सहभागीतात्मक कार्यक्रम सञ्चालन गर्न गराउन एवं तत्सम्वन्धी अनुगमन मुल्याङ्कन गर्न गराउन नेतृत्वदायी भूमिकाको निर्वाह गर्ने । यसका लागि देहायका विषयलाई ध्यान दिने :

क) धनगढीका लागि धनगढी उ.म.न.पा. को प्रमुखको संयोजकत्वमा र त्यसैगरी अन्य न.पा/गा.पा.मा तत्‌तत् स्थानीय तहका प्रमुख/अध्यक्षको संयोजकत्वमा, वडा अध्यक्षको सयोजकत्वमा वडागत रुपमा र वजार/गाऊँ स्तरमा उपयुक्त निकाय/ संस्थाका पदाधिकारीको संयोजकत्वमा तथा जिल्ला समन्वय समतिका प्रमुखको संयोजकत्वमा जिल्ला स्तरमा "स्वच्छता समिति" गठन गर्न गराउन र क्रियाशिल तुल्याउन संवद्ध सवै जि.स.स. का प्रमुखहरुलाई अनुरोध गर्ने ।

ख) समितिहरुले- सुरुमा, फोहर हटाउन र समुचित विसर्जन गर्न सहभागीतात्मक अभियान चलाउने

ग) गल्ने, नगल्ने र विषक्त फोहर छुट्टयाई आन्तरिक व्यवस्थापन गर्ने दायित्व उत्सर्जनकारी निकाय, व्यक्तिकै रहेने संयन्त्रको अवलम्वन गराउने ।

जस्तै : अस्पताल, कलकारखाना वा उद्योग, सिनेमा हल, पार्क, पसल वा व्यापारिक स्थल, यातायाल क्षेत्र, विद्यालय, कार्यालय, सार्वजनिक सडक, नीजि घर आंगन र आसपासका पेटि/नाला/सडक समेत, ई.

घ) स्थानीय तह ( न.पा/गा.पा) वा स्थानीय तहको स्वीकृतिमा फोहर उत्सर्जनकर्तावाट संकलन सहितको व्यवस्थापनकालागि मापदण्ड वनाई मासिक रुपमा फोहर संकलन शुल्क निर्धारण गरी निश्चित दिन र समयमा फोहर संकलन/व्यवस्थापन गर्ने संयन्त्रको सुनिश्चितता गर्न गराउन जि.स.स. का प्रमुख मार्फत अनुरोध गर्ने ।

ङ) त्याण्डफिल्ड साइटको दिगो व्यवस्थापनकालागि स्थानीय तहले पहल गर्ने ।

च) विग्रे भत्केका पेटी,सडक, नाला र पानी निकासको व्यवस्थापन गर्ने कार्यमा नियमक निकायलाई उत्तरदायि तुल्याउने ।

छ) "डस्टविन" फोहर उत्सर्जनकले नै राख्ने ।

ज) जथावाभि फोहर नफ्याक्न, मापदण्ड विपरित एवं स्थानीय तहको स्वीकृति नलिई होडीङ वोर्ड नराख्न र तत्सम्वन्धी नियमन गर्न लगाउने ।

झ) फोहर विसर्जनकर्ता, कर्मचारी भए- कार्य संपादनमा आधारित प्रोत्साहन प्रणली लागु गर्न गराउन अभिप्रेरित गर्ने ।

ञ) फोहर संकलन व्यवस्थापन गर्ने प्रविधिको अवलम्वन र त्यस्ता प्रविधिको दिगो व्यवस्थापन गर्ने ।

ट) मापदण्ड तोकी हरियाली प्रवर्धन गर्ने, पार्कलाई रमणीय एवं स्वच्छतायुक्त तुल्याउने ।

ठ) सरसफाई अभियानलाई सरोकारयुक्त तुल्याउने ।

ड) अभियानकर्ताहरुलाई प्रोत्साहित एवं पुरस्कृत गर्ने ।

ढ) "फोहर फ्याक्नेलाई देख्नेले टिप्न लगाउँ" भन्ने अभियान चलाई अटेरगर्ने उपर कानून कार्यान्वयन गर्ने गराउने ।

५. कैलालीको धनगढी लगायत ९ (नौ) वटै जिल्लाका लोकमार्ग, सहायकमार्ग, वजार-विद्यालय तथा अस्पताल क्षेत्र जस्ता संवेदनशील स्थल वसपार्क, टर्मिनल क्षेत्रहरुमा सार्वजनिक एवं नीजि सवारी तथा मालवाहक सवारीको समुचित व्यवस्थापन गर्न माननीय भौतिक पूर्वाधार विकास मन्त्रीले समन्वयात्मक रुपमा जिल्लागत र स्थान विशेषको कार्ययोजना वनाई/बनाउन लगाई नतिजामुलक कार्यक्रम सञ्चालन गर्ने गराउने ।

६. प्रदेश नं. ७ का ९ (नौ) वटै जिल्लामा सञ्चालीत सरकारी स्वास्थ्य निकाय जिल्ला जन स्वास्थ्य कार्यालय, अस्पताल प्राथमिक स्वास्थ्य केन्द्र तथा सरकारी स्वीकृति लिई सञ्चालन हुनुपर्ने औषधी उत्पादनकर्ता, विकेता अस्पताल, पारामेडिकल,आयुर्वेद,होमियोप्याथिक, क्लीनिकहरु समेतको प्रचलीत कानून र मापदण्ड अनुरुप दिगो सञ्चालन हुनु पर्ने विषयमा अन्तर निकाय समन्वयगरी माननीय सामाजिक विकास मन्त्रीबाट तुरुन्तै नेतृत्वदायी भूमीका निर्वाह गरी कार्य आरम्भ गर्ने गराउने ।

**४.** मन्त्रिपरिद्को नियमित वैठक हरेक हप्ताको आईतवार र विहिवार कार्यसूची सहित वस्ने ।